# मुर्दा हुँ या जीउँदो

आकाश
डेनभर,कोलोराडो, अमेरिका

म ढुङ्गा भएको छु
सकेसम्म र भने सम्म
सस्तोमा  किनिएको छु
न रुन सकेको छु
न हाँस्न सकेको छु
मुर्दा हुँ या जीउँदौ
चोबाटोमा फयाँकिएको छु ।

म पशु हुँ  या मान्छे
बेचिन सम्म बेचिएको छु
म नशाले पनि होइन
अनि बिषले पनि होइन
ख्वै केले मात्न थालेको छु
जिन्दगीको कुन जङ्गार तरे
हिँडने बाटोमा छेकिएको छु ।

म अचानो भएको छु
पाएसम्म र चाहेसम्म
जहाँ सुकै काटिएको छु
न बाँच्न सकेको छु
न मर्न सकेको छु
मुर्दा हुँ या जीउँदौ
भीडै भीडमा टेकिएको छु ।

अस्तु